(दफा ४ तथा अनुसूची १ को भाग २ संग सम्बन्धित)

लालझाडी गाउँपालिका द्वारा प्रकाशित

स्थानीय राजपत्र

| खण्ड ३ | संख्या : १ | मितिः २०७६/०३/२८ गते |
|---|---|---|


गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७६/०३/२४

भाग : २

# आर्थिक सहायता वितरण मापदण्ड - २०७६

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, अत्यन्तै न्यून आर्थिक स्थिति भएका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, पक्षघात तथा मस्तिष्क घात लगायतका मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केही राहत उपलब्ध गराउन आवश्यक देखि आर्थिक सहायता उपलब्ध गराउन वाञ्छनिय भएकोले, लालझाडी गाउँपालिकाको विनियोजन ऐन २०७६ को दफा ३ बमोजिम आर्थिक सहायता वितरण कार्यलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न यो आर्थिक सहायता वितरण मापदण्ड २०७६ लाई गाउँकार्यपालिकाको मिति २०७६।०३।१० मा बसेको बैठकले स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम "आर्थिक सहायता वितरण मापदण्ड २०७६" रहेको छ।

(२) यो मापदण्ड तत्काल लागु गरिनेछ।

२. परिभाषाः: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "मापदण्ड" भन्नाले लालझाडी गाउँपालिकाको आर्थिक सहायता वितरण मापदण्ड २०७६ लाई सम्झनु पर्दछ।

ख. "कार्यपालिका" भन्नाले लालझाडी गाउँकार्यपालिकालाई बुझ्नुपर्छ।

ग. "आर्थिक सहायता" भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागी, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मस्तिष्कघात तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ।

## परिच्छेद २

## आर्थिक सहायता वितरण मापदण्डको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**३. अवधारणा**

लालझाडी गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सृर्जित विपद्‌बाट प्रभावित व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन यस प्रकारको मापदण्ड तयार गरिएको छ ।

**४. लक्ष्य**

प्राकृतिक तथा मानव सृजित विपद्‌को प्रकोपमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशित स्थितिमा गरिने कार्यहरु गरि राहत उपलब्ध गराउनु नै यस मापदण्डको लक्ष्य रहेको छ ।

**५. उद्देश्य**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक सहयोग कार्य गर्ने,

**६. नीति**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुन:स्थापना तर्फ उन्मुख गराउने,

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

(३) स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३

## आर्थिक सहायता

**७. आर्थिक सहायताको रकम:** (१) गाउँसभाबाट आर्थिक सहायता वितरणका लागि वार्षिक रुपमा विनियोजन हुने गरि विनियोजित रकम,

(२) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट प्राप्त हुने रकम,

## परिच्छेद ४

## आर्थिक सहायता रकम वितरण परिचालन सम्बन्धी व्यवस्था

**८. आर्थिक सहायता शिर्षकमा विनियोजित रकमबाट खर्च हुने क्षेत्र:** (१) आर्थिक सहायताबाट प्राकृतिक विपद्‌बाट भएका धनजनको क्षती र दीर्घरोग लागेका विपन्न सदस्यको उपचार खर्चको लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद् जस्तै आगलागी, बाढी तथा पहिरोको कारण धनजनको क्षती भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र | आर्थिक सहयोग गरिने रकम रु. | | |
|---|---|---|---|---|
| | | प्रमुख प्रशासकिय अधिकृतबाट | गाउँपालिका अध्यक्षबाट | कार्यपालिका बैठकबाट |
| १ | घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सामग्री नष्ट भएमा | १०००-३००० | ३०००-५००० | ५०००-१५००० |
| २ | प्राकृतिक प्रकोप तथा दुर्घटनाकमा परी घाइते र मृत्य भएका व्यक्तिको लागि | १०००-३००० | ३०००-५००० | ५०००-१५००० |
| ३ | विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर, मुटु रोग, मृगौला रोग, पक्षघात तथा मष्तिस्कघात जस्ता रोग लागि उपचार प्राप्त गर्न समस्यामा परेका गरिव/विपन्न सदस्यको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी प्रति व्यक्ति | १०००-३००० | ३०००-५००० | ५०००-१५००० |

(३) माथी उल्लेख गरिए वाहेकका व्यक्ति र संघसंस्थाहरुलाई सहयोग गर्न आवश्यक देखिएमा कार्यपालिका बैठकको निर्णय वमोजिम रु. १५,०००। सम्म उपलब्ध गराउन सकिनेछ ।

९. **सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः** (१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ८ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(२) प्राकृतिक विपद्‌बाट धनजनको क्षती सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु

(क) निवेदन

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिश

(ग) सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ) आवश्यक भएमा क्षतीको प्राविधिक मूल्याङ्कन

(च) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र

(छ) अन्य आवश्यक प्रमाणहरु

(३) गाउँपालिकाले औषधी उपचारका लागि सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ :

(क) सम्वन्धित व्यक्ति वा नीजका अभिभावक वा नीजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी, यस्ता कागजात निवेदन दिने मिति भन्दा १ एक महिना पुरानो भएमा मान्य हुन छैन,

(ग) सम्वन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरूको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

(घ) कडा रोग लागि अप्रेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्चलाग्ने भएमा सोका लागि मेडिकल वोर्डको सिफारिस सम्बन्धी कागजपत्र,

(ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र ।

१०. **आर्थिक सहयोगको निर्णय :** (१) दफा ९ बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा तोकिएको मापदण्ड र कार्यपालिका बैठकको निर्णय वमोजिम प्रमुख प्रशासकीय अधिकृतले सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ५
## विविध

११. **आर्थिक सहायता रकममा बृद्धि गर्न सक्ने :** (१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायताको रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

१२. **जाँच पास तथा फरफारक** (१) खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **मापदण्डको संशोधन :** (१) यस मापदण्डलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्न सक्नेछ ।

१६. **बचाऊ र खारेजी:** (१) यस मापदण्डमा व्यवस्था भएका कुराहरुको हकमा यसै मापदण्ड बमोजिम हुनेछ र यस मापदण्डमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

मदन सैन वडायक
अध्यक्ष